“गाउँ–शहरमा आम सन्चार, चेतना र प्रेरणाको शुभ समाचार”

# गुड न्यूज

Good News National Weekly राष्ट्रिय साप्ताहिक

यो स्थान विज्ञापनका लागि खाली छ ।
सम्पर्कका लागि
मो.नं. :- ९८४८०२०८४२

वर्ष १४, अंक - ३७ | २०७८ फागुन ०२ गते सोमबार देखि फागुन ०८ गते आइतवार सम्म (Good News National Weekly, February 14 - 20, 2022) | मुल्य रु. ५।-

### स्थानीय तह–२०७४ को नतिजा विश्लेषण

# बाँकेको पालिकामा कुन पार्टी बलियो

संघीय समाजवादी फोरम | नेकपा माओवादी केन्द्र | नेकपा एमाले | नेकपा (एकीकृत समाजवादी) CPN (Unified Socialist) | नेपाली कांग्रेस

*गुड न्यूज संवाददाता*
*नेपालगन्ज*

स्थानीय तहको निर्वाचन नजिकिँदै गर्दा उम्मेदवारी घोषणा र दलभित्र टिकटका लागि नेताहरुको रस्साकस्सी शुरु भइसकेको छ । सत्ता गठबन्धनका दलहरुबीच स्थानीय तहमा समीकरण बन्ने वा एक्लाएक्लै निर्वाचनमा जाने टुंगो लागिसकेको छैन ।

दलका बैठक, सभा, सम्मेलन जारी छन् । यसै सन्दर्भमा गुडन्यूज साप्ताहिकले स्थानीय तह निर्वाचन २०७४ को नतिजा विश्लेषण गरेको छ । त्यसो त झन्डै ५ वर्षको अन्तरमा दलका सदस्य र मतदाताको मनस्थिति एउटै नहोला । तर पनि विगतको निर्वाचनको आधारमा आसन्न निर्वाचनको विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

अघिल्लो निर्वाचनमा स्थानीय तहमा नगर प्रमुख/अध्यक्ष र नगर उपप्रमुख/उपाध्यक्ष निर्वाचित भएको आधारमा नेकपा एमाले जिल्लाको सबैभन्दा ठूलो दल बनेको थियो । जिल्लाका ८ स्थानीय तहमध्ये एमालेले कोहलपुर नगरपालिकाको नगर प्रमुखसहित खजुरा, बैजनाथ र जानकी गाउँपालिका अध्यक्ष र खजुरा, बैजनाथ र जानकी गाउँपालिकामा उपाध्यक्ष गरी ७ जना पदाधिकारी निर्वाचित गरेको थियो ।

राप्तीसोनारीमा अध्यक्ष र उपाध्यक्षका साथै कोहलपुर नगर पालिकामा उपप्रमुख पदमा निकटतम् प्रतिद्वन्द्वी बनेको थियो । अहिले एमाले विभाजन भएका नेकपा (एकीकृत समाजवादी) दल गठन भएकाले विगतमा जितेका पालिकामा एमालेलाई चुनाव हराउनकै लागि मात्र भए पनि एकीकृत समाजवादी काफी हुने देखिएको छ ।

अघिल्लो निर्वाचनमा नेपाली कांग्रेस दोस्रो ठूलो दल बनेको थियो । उसले २ पालिकामा अध्यक्ष र ४ पालिकामा नगर उपप्रमुख/उपाध्यक्ष जितेको थियो । राप्तीसोनारी र डुँडुवा गाउँपालिकामा अध्यक्ष जितेको कांग्रेसले नेपालगन्ज उपमहानगरपालिका र कोहलपुर नगर पालिकामा उपप्रमुख, राप्तीसोनारी र डुँडुवा गाउँपालिकामा उपाध्यक्ष जितेको थियो । जिल्लामा सबैभन्दा धेरै ८ ठाउँमा कांग्रेसका उम्मेदवारहरु निकटतम् प्रतिद्वन्द्वी बनेका थिए । कोहलपुरको नगर प्रमुखमा कांग्रेसका भानुभक्त भट्टराई ८३ मत र जानकीको अध्यक्षमा कांग्रेसका छब्बन खाँ ७४ मतको अन्तरले पराजित भएका थिए ।

> *जिल्लामा सबैभन्दा धेरै ८ ठाउँमा कांग्रेसका उम्मेदवार हरु निकटतम् प्रतिद्वन्द्वी बनेका थिए । कोहलपुरको नगर प्रमुखमा कांग्रेसका भानुभक्त भट्टराई ८३ मत र जानकीको अध्यक्षमा कांग्रेसका छब्बन खाँ ७४ मतको अन्तरले पराजित भएका थिए । कांग्रेसले उम्मेदवार चयन गर्दा सन्तुलन मिलाउन सकेमा विगतको हारको बदला लिने सम्भावना उत्तिकै देखिन्छ ।*

कांग्रेसले उम्मेदवार चयन गर्दा सन्तुलन मिलाउन सकेमा विगतको हारको बदला लिने सम्भावना उत्तिकै देखिन्छ । यद्यपीमा अन्तरघातको रोग वर्षौंदेखि जकडिएको छ । सत्तागठबन्धनको भागवण्डा भए पनि कांग्रेसका उम्मेदवारको सहजै जित हुने र स्थानीय तहमा सबैभन्दा ठूलो दल बन्ने सम्भावना छ ।

जिल्लामा तेस्रो ठूलो दल संघीय समाजवादी फोरम नेपाल बनेको थियो । फोरमले नरैनापुर गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष जितेको थियो । डुँडुवा गाउँपालिकामा पनि अध्यक्ष र उपाध्यक्ष दुबै पदमा निकटतम् प्रतिद्वन्द्वी बनेको थियो ।

यो पार्टीमा अहिले भने आन्तरिक कलह सुरु भइसकेको छ । उपेन्द्र यादव र डा. बाबुराम भट्टराईबीचको विवादको असर तल्लो तहमा नपरेमा भने फेरि पनि नरैनापुर र डँडुवामा फोरम विजेता वा निकटतम् प्रतिद्वन्द्वीकै अवस्थामा देखिन्छ । यीं दुबै पालिकामा फोरमले कांग्रेससँग सामना गर्नुपर्नेछ ।

देशभर स्थानीय तहमा पराजित भए पनि नेपालगन्ज उपमहानगरपालिकामा नगर प्रमुख डा. धवल शम्शेर राणाले जितेकाले राप्रपा जिल्लामा चौथो ठूलो दल बनेको थियो । नगर प्रमुख निर्वाचित भए पनि उपप्रमुख भने

(बाँकी पृष्ठ ४ र नतिजाको तालिका ६ मा...)

Regd. 54/062/063 Dist Ed. Office
Tel: 081-526372
Sophia Res. English School
Nepalgunj - 10, Sadarline Road, Banke
e-mail : sophiaeschool@gmail.com
Serving with Love & Excellence




कोरोना संक्रमणको जोखिम कायमै छ । सतर्क रहौं, सुरक्षित बनौं ।

## मोटरसाइकलको ब्लु–बुक हराएको सूचना !!!

नेपालगन्ज उपमहानगरपालिका वडा नं. ११ बस्ने सल्मान राईको मिति २०७८/०९/०२ गतेका दिन नेपालगन्ज देखि ढकेरी (बाँके) जानेक्रममा भे ९ प ५२४३ नंबरको मोटरसाइकलको ब्लु–बुक हराएको हुनाले भेटाउनु हुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय अथवा मोबाइल नं. ९८०४५४८७३१ मा फोन गरेर उपलब्ध गराई दिन हुन अनुरोध गरिन्छ ।

**सम्पर्कका लागि :**
*सल्मान राई*
*नेपालगन्ज – ११, पासाङ्लामु मार्ग, बाँके*
*मोबाइल नं. – ९८०४५४८७३१*

गुड न्यूज राष्ट्रिय साप्ताहिकका लागि प्रकाशक/प्रधान-सम्पादक
डक्ट प्रसाद धिताल
मुख्य सम्वाददाता : तिलक ब. नेपाली
कानूनी सल्लाहकार : नरेन्द्रनाथ योगी
संरक्षक : सुशिला बसेल
सल्लाहकार : पा. के. बी. बसेल
कार्यालय : नेपालगञ्ज उपमहानगरपालिका-१०, गोसाईगाउँ, बाँके
फोन नं. : ०८१-५२६९९५, ९८४८०२०८४२
पोष्ट बक्स नं. : ४७
ईमेल :- goodnews_paper20@yahoo.com
goodnews.nepal@gmail.com
मुद्रक ::सुभाष प्रिन्टिङ प्रेस, नेपालगञ्ज-११,
त्रिभुवनचौक, बाँके
(फोन:- ०८१-५२४३७०, ९८४४८८९९९९)

# सम्पादकीय

## पाटी कुन बलियो भन्नुभन्दा पनि देशमा समृद्धी कसले ल्याउने भन्ने कुरा महत्वपूर्ण हो

स्थानीय तहको निर्वाचन नजिकिरहेका बेला चुनावी मैदानमा उत्रिन नेताहरु सक्रियरुपमा जनताहरुसँग घुलमिल गर्न थालेका छन् । आफ्नो पकड क्षेत्रमा उम्मेदवारी घोषणा गर्ने क्रियाकलापलाई समेत तयारी गर्दै छन् । बिभिन्न राजनीतिक दलभित्र नेताहरुले टिकटका लागि मेलोमेसो मिलाउन शुरु गरिसकेका छन् । गठबन्धनमा समाहित दलहरुबीच स्थानीय तहमा समीकरण बनाउने वा एक्लाएक्लै निर्वाचनमा जाने भन्ने कुराको निष्कर्ष भने अँझै निस्किएको छैन ।

राजनीतिक दलका नेता तथा अभियन्ताहरुले बैठक, सभा, सम्मेलन आयोजना गरी जनताहरुलाई आकर्षण गर्न एकप्रकारको अभ्यास गरिरहेका छन् भन्दा फरक नपर्ला । नेता, कार्यकर्ताहरुले विगतमा जनताहरुलाई गरेका प्रतिवद्धता र सो अनुसारको उपलब्धि कहाँ कसरी भयो भन्ने कुराको गणितीय मुल्यांकन हुने बेला आएको छ । प्राय जनताहरुले आफ्नो क्षेत्रमा नेताहरुले आफ्नो प्रतिवद्धता अनुसार के गरे भनेर प्रगति तथा उपलब्धिको हिसाव जोड्ने तयारीमा देखिन्छन् । ५ वर्षको अन्तरमा दलका सदस्य र मतदाताको मनस्थिति एउटै नहोला । तर राजनीतिक दलका खप्पिस र सिपालु नेताहरु जनतालाई कसरी आफ्नो पक्षमा ल्याउने भन्ने रणनीतिमा लागेका छन् । यहि सेरोफेरोमा विगतको निर्वाचनको आधारमा आसन्न निर्वाचनको विश्लेषण गर्ने प्रयत्न पनि नागरिक समाजले गरेको छ । राजनीतिक भाषामा यो स्वभाविक पनि हो । राजनीतिक पाटीहरुलाई विश्लेषण गर्दा अघिल्लो निर्वाचनमा स्थानीय तहमा नगर प्रमुख/अध्यक्ष र नगर उपप्रमुख/उपाध्यक्ष निर्वाचित भएको आधारमा नेकपा एमाले जिल्लाको सबैभन्दा ठूलो दल बन्न पुग्यो । तर नेकपा एमालेमा केपी गुट र माकुने गुटबीचको एकता भंग भएपछि नेकपा (एकीकृत समाजवादी) दल गठन भएकाले विगतमा जितेका पालिकामा एमालेलाई चुनाव हराउनकै लागि मात्र भए पनि एकीकृत समाजवादी हावी हुने अड्कलबाजी गरिएको छ । उता कांग्रेसले उम्मेदवार चयन गर्दा सन्तुलन मिलाउन सकेको खण्डमा विगतको हारको बदला लिने सम्भावना प्रवल रहेको र सत्तागठबन्धनको भागवण्डा भए पनि कांग्रेस स्थानीय तहमा सबैभन्दा ठूलो दल बन्ने सम्भावना रहेका विश्लेषकहरुको टिप्पणी छ । त्यसैगरी जिल्लामा तेस्रो ठूलो दलका रुपमा देखिएको संघीय समाजवादी फोरमले यतिखेर आन्तरिक कलहका कारण नरैनापुर र डँडुवामा कांग्रेससँग चुनौतिपूर्ण सामना गर्नुपर्नेछ । समग्रमा भन्नुपर्दा स्थानिय तहमा चुनावी मैदानमा होमिने तयारीमा रहेका दलहरुको अवस्था चुनौतिरहित छ भन्न सकिँदैन । चुनावमा कस्ता नेताहरुलाई कहाँ स्थापन गर्ने भन्ने कुराको महत्वपूर्ण चावी जनताहरुसंगै छ ।

जनताहरुले भोग्नुपरेका कष्ट पीडा र राज्यले निभाएको भूमिकाप्रति जनताहरुमा जागरुकता आइसकेको छ र विगतमा जसरी जनतालाई आफ्नो मुठ्ठिमा राख्न नेताहरुलाई यतिखेर चुनौति नै छ भन्दा फरक पर्दैन । देशमा जुनसुकै नेताहरु आएपनि जनताहरुलाई चाहिएको समृद्धि नै हो । आफ्नो र परिवारको आधारभूत आवश्यकता नै पूर्ति गर्न नसक्ने निराशाजनक अवस्था देखेर देशका जनशक्तिहरु बाहिर पलायन भएका छन् । बेरोजगारीका कारण देशको युवा शक्ति लागुऔषधको दुर्ब्यसन तथा अराजकिय क्रियाकलापमा फसेर नष्ट भइरहेको छ । यीं त समस्याका केही नमूनाहरु मात्रै हुन् । त्यसैले जुनसुकै तहमा पनि पाटी कुन बलियो भन्नु भन्दा पनि जनताका लागि विकास र समृद्धि ल्याउने पाटीको भूमिका महत्वपूर्ण हुन्छ र त्यहि पाटीको गरिमा उच्च हुने गर्दछ ।

## विचार/धारणा

# एमसीसीको उधारो खेती नेपालमा नै किन ?



भीम बहादुर शाही
(अधिवक्ता)
नेपालगन्ज, बाँके

*"हामीले आफ्नो देशको अस्तित्व जोगाएर देशलाई दुई शक्तिशाली राष्ट्र चीन र भारतलाई खुशी पारेर आफ्नो परम्परा देखि चल्दै आएको नाता सम्बन्ध सुमधुररुपमा कायम राखेर देशको प्रगति गरेर देशवासीहरु आफ्नै मिहेनत र परिश्रमले शान्तिसंग आफ्नो देशमा बस्नलाई सक्षम भइसकेका छौं ।"*

पहिले पहिले नेपालका शोषक, सामन्त, ठालु, जिमुवाल, मुखिया हुनेखाने सम्पन्नका घरमा काम गर्ने मान्छे राख्ने चलन थियो । त्यस्ता काम गर्नलाई राखिएका मानिसलाई हली, हलो जोत्नेलाई, खेताला दिनभरी काम गरेर साँझ ज्याला लिएर जाने मान्छेलाई, गाईगोरु भैंसीको गोठमा बस्नेलाई गोठालो, घरको अरु धन्दा गर्ने जुठाभाँडा माझ्ने मान्छेलाई कमारा-कमारी वा नोकर भन्ने चलन थियो ।

त्यस्तो चलन सरकारबाट बन्द गर्ने कानुन बनाएता पनि त्यस्ता पदहरुको अवशेष गाउँघरतिर हलीको गोठालाका रुपमा र शहर-बजारतिर भान्से वा नोकरको रुपमा अँझै पनि कायमै नै छ ।

प्रयाजसो नेपालका राजनेता भनाउँदाहरु विशिष्ट श्रेणीका पदाधिकारीहरु नवधनाढ्य, उद्योगपति, साहु-ब्यापारीहरुका घरमा धेरै नोकर-चाकर राख्ने चलन अँझैपनि कायमै छ । त्यसरी काम गर्न राखिएका मानिसहरुले चाहेजति तलब र सुविधा दिएमा उनिहरु पनि मात्तिएर काम नगर्ने हुन्की भनेर धेरै तलब, सुविधा नदिएर थोरै तलबमा काम लगाउने र आफ्नोभन्दा बढी रवाफ देखाउन नपाउने गरी मान्छे राख्न लगाएझैं नेपाल जस्ता साना गरीव राष्ट्रका सरकारमा रमाउने ब्यक्तिलाई एमसीसी जस्ता प्रोजेक्टका नाममा दिइने ऋण पनि सकेसम्म तिर्न नसक्ने अवस्था सृजना गराई सधैंभरी आफ्नै दास बनाईरहने र आफ्नो देशमा नपाइने प्राकृतिक स्रोत-साधन निशूल्क रुपमा आफ्नो हितको लागि मात्र प्रयोग गर्ने स्वार्थ राखेर मात्र आर्थिक सहयोग दिने चलन शक्तिशाली राष्ट्रहरुबाट भइरहेको बर्तमान अवस्थामा नेपाल जस्तो सानो गरीव राष्ट्रलाई विशाल चीन र भारत जस्ता राष्ट्रहरुको बीचमा रहेको तीन करोड पनि जनसंख्या नपुगेको देशलाई अति दुर दराजमा रहेको विश्वको सर्बशक्तिमान राष्ट्र अमेरिकाले समय समयमा बिभिन्न नामका सहयोग प्रयोग गर्ने बहानामा यो देशको आन्तरिक मामिलामा जानकारी प्राप्त गरी सकेपछि एक वर्ष अगाडी देखिनै एमसीसी परियोजना लागु गरेर आर्थिक सहयोग दिने बहानामा आफू अनुकुलको दस्ताबेज तयार गराई नेपाल सरकारका माथिल्लो तहमा विराजमान विशिष्ट ब्यक्तिहरुलाई आर्थिक प्रलोभनमा पारेर दस्ताबेजमा सहिछाप गराई पहिलो चरणमा नै ६ अर्ब रुपैयाँ स्वाहा बनाई सकिएको छ ।

जुन खर्चले देशको लागि कुनै उपलब्धि प्राप्त गरेको देखिँदैन । पाँचतारे याक एण्ड यति होटललाई भाडामा लिएर बिना कामका हजारौं कर्मचारीलाई देशको कर्मचारीले पाउने भन्दा तेब्बर तलब खुवाउनुपर्ने के आवश्यक छ ? यस्ता परियोजना हाल सदनबाटै पास गराउनुपर्ने बाध्यता किन पारिँदै छ ?

सत्तामा रमाएका सांसदज्यूहरु पनि जनताको चाहना बिपरित यस्तो घातक परियोजना पास गराउन किन अग्रसर देखिएका छन् । यस अगाडीका कुनै पनि योजनाहरु कुनै पनि देशले सदनबाटै पास गराउन लगाएको कतैपनि कुने प्रमाण भेटिँदैन ।




फेरी एमसीसी पास भएमा यसको फाइदा लिन दिन भारत सरकारको स्वीकृति चाहिने प्रावधान किन राखिएको हो ? "छोरी पाउनु कहिले-कहिले, कन्दनी बाट्नु पहिले" किन गरिएको हो ? सो सम्झौतामा हस्ताक्षर गर्ने बर्तमान मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीलाई अधिकार दिने कुन प्रधानमन्त्रीको सरकारले कहिले दिएको हो ? सो कुरा पनि कार्कीले ६ अर्ब नसकिँदै सदनमा किन प्रस्ताव पेश गरेनन् सत्ताधारी सरकारले पनि जनतालाई किन जानकारी गराउन सकेन ?

हामी नेपाली जनतालाई जसरी राजतन्त्रको पालामा दरबार हत्याकाण्ड हुँदा जनतालाई घटनाबारे साँचो सत्य कुराको जानकारी जानकारी नगराई पहिले नै मारिसकिएका युबराज दिपेन्द्रलाई राजा मान्न वाध्य पारियो, ठिक त्यसै गरी वर्तमान शासन सत्तामा हाली मुहाली गर्ने गणतन्त्र, प्रजातन्त्र र लोकतन्त्रको खोल मात्र ओढेका जनताका आँखामा छारो हालेर आफ्नै स्वार्थ पूर्ति गर्न सफल नेताहरुले जनताको अहित हुने खालको एमसीसी योजनाका नाउँमा अमेरिकी

(बाँकी पृष्ठ ५ मा....)

## लोक कल्याणकारी सन्देश




**इलुमिनेट नेपाल मिडिया सेन्टर**
**(Illuminate Nepal Media Center)**
नेपालगन्ज उपमहानगरपालिका – १० सोफियाटोल, बाँकेद्वारा
जनहितमा जारी सन्देश
(सम्पर्क नंबर : ०८१-५२४९७२)

# धारावाहिक जीवन दर्शन

## भूत लागेको मानिस

२६. उहाँहरू गेरासेनसको प्रदेशमा आइपुग्नुभयो, जो गालीलको पारिपट्टि छ। २७. जब उहाँ पाखामा उत्रनुभयो तब उहाँले सहरको एक जना मानिस भेट्नुभयो, जसलाई भूत लागेको थियो। त्यसले धेरै समयदेखि लुगा लाउँदैनथियो, र घरमा नबसी त्यो चिहानहरू हुँदो बस्दथ्यो।

२८. त्यसले येशूलाई देख्यो, र चिच्च्याएर उहाँको सामु घोप्टो परी उच्च सोरले भन्यो, "हे सर्वोच्च परमेश्वरका पुत्र येशू, तपाईंको मसँग के काम ? बिन्ती गर्दछु, मलाई नसताउनुहोस्।"

२९. किनभने उहाँले अशुद्ध आत्मालाई त्यस मानिसबाट निस्केर जाने आज्ञा दिनुभएको थियो। त्यसलाई धेरै पल्ट भूतले पक्रेको थियो। त्यो पहरामा राखिएको थियो। त्यो साङ्ला र नेलले बाँधिन्थ्यो, तर त्यसले तीं बन्धन छिनालि हाल्थ्यो। अनि भूतले त्यसलाई मरुभूमि हुँदो लैजान्थ्यो।

३०. येशूले त्यसलाई सोध्नुभयो, *"तेरो नाउँ के हो ?"* त्यसले भन्यो, "फौज।" किनभने धेरै भूतहरू त्यसमा पसेका थिए।


३१. तिनीहरूलाई अतल-कुण्डमा नपठाऊन् भनी तिनीहरूले उहाँलाई बिन्ती गरे। ३२. नजिकको डाँडामा सुंगुरको एक ठूलो बथान चरिरहेको थियो। तब तिनीहरूले सुंगुरभित्र पस्न दिनुहोस् भनी उहाँलाई बिन्ती गरे, र उहाँले मन्जूर गर्नुभयो।

३३. अनि भूतहरू त्यस मानिसबाट निस्केर तीं सुंगुरहरूभित्र पसे, र त्यो बथान भिरालो पाखाबाट हुर्रिंदैं गएर तल तालमा खसे, र डुबेर मरे। ३४. अब जे भएको थियो त्यो देखेर सुंगुर चराउनेहरू भागे, र गएर सहर र गाउँ हुँदो यो कुरो बताइ दिए।

३५. अनि जे भएको थियो त्यो हेर्नलाई मानिसहरू येशूकहाँ आए, र जुन मानिसबाट भूतहरू निस्केका थिए, त्यसलाई लुगा लाएर सद्दे मनको भई येशूका चरणमा बसिरहेको भेट्टाए, र तिनीहरू भयभीत भए। ३६. देख्नेहरूले भूत लागेको मानिस कसरी निको भयो सो तिनीहरूलाई बताइ दिए।

३७. गेरासेनसको आसपासका सबै गाउँका मानिसहरूले येशूलाई तिनीहरूका गाउँबाट गइहाल्नुहोस् भनी बिन्ती गरे, किनभने तिनीहरू ज्यादै भयभीत भएका थिए। यसकारण उहाँ डुङ्गामा चढेर फर्कनुभयो। ३८. तर जुन मानिसबाट भूतहरू निस्केका थिए, त्यसले "उहाँको साथमा जान पाऊँ" भनी उहाँलाई बिन्ती गर्न लाग्यो। तर येशूले त्यसलाई यसो भनेर बिदा दिनुभयो,

३९. "तिमी आफ्नो घर फर्क, र परमेश्वरले तिम्रो निम्ति कति ठूलो काम गर्नुभयो, सो घोषणा गर।" तब त्यो गयो, र येशूले त्यसको निम्ति कति ठूलो काम गर्नुभएको थियो, सो सारा सहरभरि प्रचार गर्न लाग्यो।



## याइरसकी छोरी र रक्तस्राव पीडित स्त्री

४०. येशू फर्केर आउनुहुँदा भींडले उहाँलाई स्वागत गऱ्यो, किनकि तिनीहरू सबैले उहाँको प्रतीक्षा गरिरहेका थिए।

४१. याइरस नाउँका एकजना सभाघरका शासक आएर येशूका पाउमा परे, र तिनको घरमा आउनुहोस् भनी उहाँलाई बिन्ती गरे, ४२. किनकि बाह्र वर्ष पुगेकी तिनकी एकमात्र छोरी थिई, जो मर्नै लागेकी थिई। येशू जाँदैगर्नुहुँदा मानिसहरूले उहाँलाई घचेटिरहेका थिए।

४३. बाह्र वर्षदेखि रक्तस्रावले पीडित एउटी स्त्री, जसलाई कसैले निको पार्न सकेको थिएन, ४४. त्यसले पछिल्तिरबाट आएर उहाँको लुगाको एक छेउ छोई, र तुरुन्तै त्यसको रक्तस्राव बन्द भयो।

४५. येशूले भन्नुभयो, "मलाई कसले छोयो ?" जब सबैले इन्कार गरे, तब पत्रुस र तिनीहरूसंग हुनेहरूले भने, "गुरुज्यू, भींडले तपाईंलाई घेरेर ठेल्दैछन्।"

४६. तर येशूले भन्नुभयो, "कसैले मलाई छोएकै हो, किनभने शक्ति मबाट निस्केर गएको मैले थाहा पाएँ।"

४७. अब आफू लुकिरहन नसक्ने कुरा थाहा पाएर त्यो स्त्री काम्दै आई र उहाँको सामुन्ने घोप्टो परी, र किन त्यसले उहाँलाई छोई, अनि कसरी तुरुन्तै निको भई, सो सब मानिसहरूका सामु बताइदिई।

४८. उहाँले त्यसलाई भन्नुभयो, *"छोरी, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ, शान्तिसँग जाऊ।"*

४९. उहाँ बोल्दैहुनुहुन्थ्यो, सभाघरका शासकको घरबाट एक जना मानिस आइपुग्यो, र भन्यो, "तपाईंकी छोरी मरी। अब गुरुलाई कष्ट नदिनुहोस्।"

५०. तर येशूले यो सुनेर याइरसलाई भन्नुभयो, *"नडराऊ, विश्वास मात्र गर, र त्यो निको हुनेछे।"*

५१. जब उहाँ घरमा पुग्नुभयो तब उहाँले पत्रुस, याकूब, यूहन्ना र बालिकाका बुबा र आमाबाहेक अरू कसैलाई उहाँसँग भित्र आउन दिनुभएन।

५२. सबै जना रोइरहेका र बिलौना गरिरहेका थिए, तर उहाँले भन्नुभयो, *"नरोओ, त्यो मरेकी छैन, तर सुतेकी छे।"*

५३. त्यो मरिसकेकी छे भन्ने जानेर तिनीहरू उहाँको हाँसो गर्न लागे।

५४. तर उहाँले त्यसको हात समातेर यसो भनेर बोलाउनुभयो, *"नानी, उठ।"*

५५. अनि त्यसको प्राण फर्केर आयो, र त्यो तुरुन्तै उठी, र उहाँले त्यसलाई केही खान दिनू भन्ने आज्ञा गर्नुभयो।

५६. त्यसका आमा-बुबा आश्चर्यचकित भए, तर जे भएको थियो त्यो कसैलाई नभन्नू भन्ने आदेश उहाँले तिनीहरूलाई दिनुभयो।

*(स्रोत :- पवित्र धर्मशास्त्र बाइबल, (लुका ८: २६ - ५६)*

## बाँकेको ...

गुमाएको थियो। राप्रपा विभाजनको अवसर यो स्थानीय तहको निर्वाचनमा राप्रपाका लागि घाटा हुनेछ। नगर प्रमुख राणाले सांसदमा उम्मेदवारी दिने घोषणा नै गरिसकेकाले पनि राप्रपालाई विगतको विरासत जोगाउने कुनै आधार नै छैन।

राष्ट्रिय राजनीतिमा तेस्रो ठूलो दल भए पनि अघिल्लो निर्वाचनमा बाँके जिल्लामा भने एकीकृत माओवादी पाँचौ ठूलो बनेको थियो। माओवादी खजुरा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष पदमा मात्र निकटतम् प्रतिद्वन्द्वी बनेको थियो। यो निर्वाचनमा खजुरा जित्ने उसका लागि सुनौलो अवसर पनि हो। विगतको एमाले विभाजनको फाइदा माओवादीलाई हुनेवाला छ। नेपालगन्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका र राप्तीसोनारी गाउँपालिकामा माओवादी तेस्रो स्थानमा आएको थियो।

यीं पालिकामा सत्तागठबन्धन हुँदा वा अरु दलको विभाजन वा संगठन विस्तारका आधारमा माओवादीले राम्रो उम्मेदवार चयन गर्न सक्ने हो भने तीन स्थानीय तहमा मौकामा चौका हान्नसक्ने सम्भावना पनि उत्तिकै देखिएको छ। यो निर्वाचनमा प्रमुख दलमा सर्वसत्तावाद हावी भएको भन्दै समाजका प्रबुद्ध वर्गले स्वतन्त्र उम्मेदवारको घोषणा गरेका छन्।

यसले पनि दलका मतहरु तलमाथि हुने सम्भावना देखिन्छ। राम्रा उम्मेदवार हुने हो भने स्थानीय तहमा व्यक्तिगत प्रभावका आधारमा पनि केही मत तलमाथि हुनसक्ने भएकाले विगतको मत परिणामकै आधारमा यही दल ठूलो बन्छ भन्ने अवस्था छैन।

> *माओवादी खजुरा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष पदमा मात्र निकटतम् प्रतिद्वन्द्वी बनेको थियो। यो निर्वाचनमा माओवादीका लागि खजुरा जित्ने सुनौलो अवसर पनि हो।*
> *विगतको एमाले विभाजनको फाइदा माओवादीलाई हुनेवाला छ।*

# कविता/भावना

## झूठो



*सन्सारको अगाडी झूठो बोल्नु छैन मलाई*
*किनकि एक दिन सत्यले थाहा पाउनेछ ॥*
*झूठो बोली कसैसङ्ग नजिक हुनु छैन मलाई*
*किनकि एक दिन अबस्य छुट्नु नै पर्छ ॥*
*चिप्लो बनाएर भिरबाट खसाउनु छैन मलाई*
*किनकि खस्रो बाटोको धुलो नै ठिक हुन्छ ॥*
*प्रशंसाको झूठो बर्षादले कसैलाई ठूलो बनाउनु छैन*
*मलाई किनकि रुखो वचन नै ठिक हुन्छ ॥*

तारा रोकाय,
नेपालगन्ज, बाँके


# के तपाईंको ठाउँमा

**कुनै सार्वजनिक कार्यक्रम, सभा-समारोह, सार्वजनिक सुनुवाई, तालिम-गोष्ठि, छलफल अन्तरक्रिया भईरहेको छ ?**




**छ भने हामीलाई सर्म्पक गर्नुहोस्। तपाईंको उद्धेश्य पुरा गर्नलाई हामी पनि साझेदार बनी रेडियो मर्निङ्ग स्टार ९० मेगाहर्जमा प्रत्यक्ष (लाइभ) जोड्ने छौं।**

सर्म्पक फोन नम्बर : ०८१-५२६९९५, ०८१-५२०१५२
इमेल : radioms90@gmail.com

## बाँकी अंश/समाचार...

### एमसीसीको ...

सरकारले दिएको सहयोग भित्र्याउने दुष्प्रयास जो जसले गरेका छन्, उनिहरु सबैलाई एक-एकगरी चिनेर जो जसले जो जति र कम खान सफल भएका छन्, त्यो सबै रकम सचेत नेपाली नागरिकले उनिहरुको घर-जग्गा, बैंक जे मा लगानी गरेका छन्, तीं सबैको लिलाम रोक्का गरेर अमेरिकी सरकारलाई फिर्ता गराउने छन् ।

देशमा लडाईंको मैदान बनाएर अफगानिस्तान जस्तो भाँडभैलो मच्चाउन नपाउने गरी समयमा नै रोक लगाउने छैन । अमेरिकाले बिना स्वार्थ हामीलाई त्यति ठूलो रकम सहयोग दिने कुरै आउँदैन । हामीलाई अमेरिकाले आफ्नो देश जस्तै शक्तिशाली, सम्पन्नशाली बनाउने भए त किन हाम्रो सदनबाट उसको ऋणको शर्तनामा पास गर्न पऱ्यो ? यस्तै कामबाट पनि "दालमे कुछ काला है" भने झैं प्रष्ट बुझिन्छ । एक्काइसौं शताब्दिका नेपालीहरु बीस वर्ष अगाडीका आफगानी जनता जस्ता भेडा छैनौं । हामीले आफ्नो देशको अस्तित्व जोगाएर देशलाई दुई शक्तिशाली राष्ट्र चीन र भारतलाई खुशी पारेर आफ्नो परम्परा देखि चल्दै आएको नाता सम्बन्ध सुमधुररुपमा कायम राखेर देशको प्रगति गरेर देशवासीहरु आफ्नै मिहेनत र परिश्रमले शान्तिसंग आफ्नो देशमा बस्नलाई सक्षम भइसकेका छौं ।

नेपालका बर्तमान नेतृत्वपंक्तीमा हुकुमी शासन चलाउने नेताहरुलाई कान समातेर उनिहरुलाई देश निकाला गरेर पठाउने शक्ति र सामर्थ्य बटुली सकेका छौं । होसियार !!! नेपालको शान्ति खल्बल्याउने तत्वहरु हो ?

### शान्ति ...

कार्यक्रम संयोजक सपना शर्माले दिएको जानकारी अनुसार जोखिममा रहेका महिलाहरुलाई उद्दार गरी आवाश्यक परामर्श पछि सबैलाई उनिहरुका घर-परिवार तथा आफन्तहरुको जिम्मा लगाएको छ ।

बढैयाताल गाउँपालिकाको कण्ठपुर, गणेशपुर र सुरजपुरमा बसेर मानव बेचविखन तथा ओसार पसारका घटनाहरुलाई नियमित निगरानी गरिरहेको शान्ति पुनर्स्थापना गृहले भारत हिँडेका १ हजार ३ सय जना महिलाहरुलाई परामर्श समेत दिएको संयोजक शर्माले बताइन् ।

संयोजक शर्माले गुडन्यूजसंग कुराकानी गर्ने क्रममा भनिन्, "हामीले घरेलु तथा अन्य हिंसाबाट प्रभावित भई दुरुपयोगको जोखिममा परेका महिला तथा बाल बालिकाहरुलाई अभिभावकहरु सम्पर्कमा नआउँदासम्म ७ दिनसम्म राख्न सकिने सेफ हाउस पनि सञ्चालन गरेका छौं ।"

# नेकपा माओवादी केन्द्रले मनायो २७औं जनयुद्ध दिवस



*२७औं जनयुद्ध दिवसका अवसरमा साँझ सहिद सेतुविक चोक नेपालगन्जमा दिप प्रज्वलन गरिँदै । तस्बिर : गुडन्यूज खबर डटकम*




*नेकपा माओवादी केन्द्र नेपालगन्ज उपमहानगर कमिटीद्वारा आयोजित जनयुद्ध दिवस कार्यक्रमका अवसर मा साँझ सहिद सेतुविक चोक नेपालगन्जमा दिप प्रज्वलन पछि नेकपा माओवादी केन्द्र बाँकेका अध्यक्ष सांसद आइपी खरेल लगायत पाटीका नेता-कार्यकर्ताहरु । तस्बिर : गुडन्यूज खबर डटकम*

*गुड न्यूज संवाददाता*
*नेपालगन्ज*


नेकपा माओवादी केन्द्र नेपालगन्ज उपमहानगर कमिटीले आइतबार साँझ सहिद सेतुविक चोक नेपालगन्जमा दिपप्रज्वलन गरि २७औं जनयुद्ध दिवस मनाएको छ । नगर पार्टीले दिनभर विविध कार्यक्रम गरेर जनयुद्ध दिवस मनाएको हो ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष आइपी खरेलको हातबाट दिप प्रज्वलनको उद्घाटन गरेको नगर पार्टीले आइतबार बिहान आफ्नै पार्टी कार्यालयमा जनयुद्ध दिवस कार्यक्रमको औपचारिक उद्घाटन गरेको थियो । माओवादी केन्द्र नेपालगन्ज कमिटीको पार्टी कार्यालयबाट व्याण्डबाजा सहित निस्केको नारा-जुलुस त्रिवेणी मोड, त्रिभुवन चोक, भेरी अस्पताल हुँदै जिल्ला अदालत अगाडि पुगेर कोण सभामा परिणत भएको थियो ।

कोणसभालाई प्रदेश सांसद आइपी खरेलले संवोधन गर्नु भएको थियो । संवोधनका क्रममा उहाँले देश अहिले माओवादीकै मुद्दामा चलेको भन्दै संघीयता, गणतन्त्र, धर्मनिर-पेक्षता लगायतका मुद्दा माओवादीकै भएको बताउनु भयो । सांसद खरेलले कुनैपनि हालतमा संसोधन नगरी एमसीसी पास गर्न नहुने बताउनु भयो । उहाँले एमसीसीको विरुद्धमा देशका पुरै जनता र जनमत भएको भन्दै यही अवस्था मा पास गर्न नहुने समेत बताउनु भयो । अमेरिकाको एमसीसीमार्फत नेपालमा बसेर चीन हान्ने र देश भित्रका भौतिक संरचनामाथी हस्तक्षेप तथा खनिज पदार्थमाथि हस्तक्षेप गर्ने योजना रहेको बताउनु भयो ।

कोणसभा पश्चात् माओवादी नेपालगन्ज ले भेरी अस्पतालको ईमर्जेन्सी सेवामा भर्ना भएका बिरामीहरुलाई फलफुल बितरण गरेको थियो । माओवादी प्रदेश कमिटीका नेताहरू तथा नगर कमिटीका पदाधिकारी हरुले बिरामीहरुलाई फलफुल बितरण गर्नु भएको थियो ।




सार्बजनिक हितका लागि :
GAN-NEPAL
शुभ सन्देश सभा नेटवर्क नेपाल (ज्ञान नेपाल) Gospel Assembly Network Nepal "GAN Nepal"
नेपालगन्ज उपमहानगरपालिका - १०, सोफियाटोल, बाँके

(पृष्ठ १ बाट...)

# स्थानीय तह–२०७४ को नतिजा विश्लेषण

| उम्मेदवार | पद | पार्टी | प्राप्त मत | मत अन्तर | कैफियत |
|---|---|---|---|---|---|
| *नेपालगन्ज उपमहानगरपालिका* | | | | | |
| डा.धवल शम्शेर राणा | नगर प्रमुख | राप्रपा | १२५१५ | ३७८५ | **विजेता** |
| डा.सुरेशकुमार कनोडिया | नगर प्रमुख | कांग्रेस | ८७३० | | प्रतिद्वन्द्वी |
| उमा थापा मगर | नगर उप–प्रमुख | कांग्रेस | १०७३१ | १८०७ | **विजेता** |
| रमारानी गुप्ता | नगर उप–प्रमुख | राप्रपा | ८९२४ | | प्रतिद्वन्द्वी |
| *कोहलपुर नगरपालिका* | | | | | |
| लुटबहादुर रावत | नगर प्रमुख | एमाले | ९००७ | | **विजेता** |
| भानुभक्त भट्टराई | नगर प्रमुख | कांग्रेस | ८९२४ | | प्रतिद्वन्द्वी |
| सञ्जुकुमारी थारु | नगर उप–प्रमुख | कांग्रेस | १००५६ | | **विजेता** |
| कृष्णकुमारी थारु | नगर उप–प्रमुख | एमाले | ९३७९ | | प्रतिद्वन्द्वी |
| *खजुरा गाउँपालिका* | | | | | |
| किश्मतकुमार कक्षपति | अध्यक्ष | एमाले | ८०७० | ११७८ | **विजेता** |
| डम्बरबहादुर विक | अध्यक्ष | माओवादी | ६८९२ | | प्रतिद्वन्द्वी |
| एकमाया विक | उपाध्यक्ष | एमाले | ८२१४ | १७८१ | **विजेता** |
| फिरोज बानो खाँ | उपाध्यक्ष | माओवादी | ६४३३ | | प्रतिद्वन्द्वी |
| *जानकी गाउँपालिका* | | | | | |
| रामनिवास यादव | अध्यक्ष | एमाले | ३०८३ | ७४ | **विजेता** |
| छब्बन खाँ | अध्यक्ष | कांग्रेस | ३००९ | | प्रतिद्वन्द्वी |
| भूसिसरा धिताल | उपाध्यक्ष | एमाले | ३३८७ | ८३२ | **विजेता** |
| रामप्यारी यादव | उपाध्यक्ष | कांग्रेस | २५५५ | | प्रतिद्वन्द्वी |
| *डुँडुवा गाउँपालिका* | | | | | |
| नरेन्द्रकुमार चौधरी | अध्यक्ष | कांग्रेस | ४६९१ | ४९९ | **विजेता** |
| विजयबहादुर यादव | अध्यक्ष | फोरम | ४१९२ | | प्रतिद्वन्द्वी |
| साहिदा बानो | उपाध्यक्ष | कांग्रेस | ४३१५ | १८१ | **विजेता** |
| जाविदा खातुन | उपाध्यक्ष | फोरम | ४१३४ | | प्रतिद्वन्द्वी |
| *नरैनापुर गाउँपालिका* | | | | | |
| इस्तियाक अहमद साह | अध्यक्ष | फोरम | ४०८० | ६९२ | **विजेता** |
| रामचन्द्र मौर्य | अध्यक्ष | कांग्रेस | ३३८८ | | प्रतिद्वन्द्वी |
| जयन्तीदेवी श्रीवास्तव | उपाध्यक्ष | फोरम | ३०४४ | ४४६ | **विजेता** |
| अतिवुन निसा | उपाध्यक्ष | कांग्रेस | २५९८ | | प्रतिद्वन्द्वी |
| *राप्तीसोनारी गाउँपालिका* | | | | | |
| लाहुराम थारु | अध्यक्ष | कांग्रेस | ८२३६ | १३३६ | **विजेता** |
| तुलसीराम थारु | अध्यक्ष | एमाले | ६९०० | | प्रतिद्वन्द्वी |
| धनीकुमारी खत्री | उपाध्यक्ष | कांग्रेस | ८२०३ | १२७९ | **विजेता** |
| चमेलीकुमारी बाकवल | उपाध्यक्ष | एमाले | ६९२४ | | प्रतिद्वन्द्वी |
| *बैजनाथ गाउँपालिका* | | | | | |
| मानबहादुर रुचाल ठकुरी | अध्यक्ष | एमाले | ९७७२ | ३१९६ | **विजेता** |
| देवबहादुर खत्री | अध्यक्ष | कांग्रेस | ६५७६ | | प्रतिद्वन्द्वी |
| शारदाकुमारी विक | उपाध्यक्ष | एमाले | ९७३८ | २३७२ | **विजेता** |
| भावना चौधरी | उपाध्यक्ष | कांग्रेस | ७३६६ | | प्रतिद्वन्द्वी |

*स्रोत : स्थानीय तह २०७४ परिणाम निर्वाचन आयोग नेपाल*


## कोभिड संक्रमण भई घरमै बस्दा ध्यान दिनुपर्ने कुराहरु

- पर्याप्त हावा ओहोरदोहोर गर्ने अलग्गै कोठाको प्रयोग गरौं ।
- अरु ब्यक्तिसंग भेटघाट नगरौं, भेटघाट गर्नै परेमा कम्तिमा २ मिटरको दुरी राखौं र मास्कको अनिवार्य प्रयोग गरौं ।
- घरका अन्य सदस्यहरुले सम्भव भएसम्म अलग्गै शौचालय तथा बाथरुमको प्रयोग गरौं ।
- क्वारेन्टाइनमा बसेको ब्यक्तिले प्रयोग गरेको मास्क तथा पन्जा जथाभावी नफालौं र सुरक्षित स्थानमा नष्ट गरौं ।
- अलग भाडाकुँडा प्रयोग गरौं ।
- समय समयमा साबुन पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने अथवा सेनेटाईजर प्रयोग गरौं ।
- प्रयोग गरिएका सामाग्रीहरु साबुन पानीले धोई सम्भव भएसम्म घाममा सुकाऔं ।
- खोक्दा, हाच्छिउँ गर्दा मुख र नाक रुमाल वा कुहिनाले छोपौं ।
- ज्वरो, खोकी, स्वास-प्रस्वासमा समस्या, घाँटी दुख्ने जस्ता समस्या देखा परेमा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

*नेपाल सरकार,*
*विज्ञापन बोर्ड*


# शान्ति पुनर्स्थापना गृहद्वारा जोखिममा रहेका महिलाहरुको उद्धार




*गुडन्यूज संवाददाता*
*गुलरिया, बर्दिया*

मानव ओसार पसार तथा बेचविखन विरुद्धको अभियानमा क्रियाशिल शान्ति पुनर्स्थापना गृह शाखा कार्यालय गुलरियाले बेचविखन एवं दुरुपयोगको जोखिमपूर्ण अवस्थामा रहेका महिलाहरुलाई नेपाल–भारत बीचको सिमानाकाबाट उद्धार गरेको छ। गृहले आर्थिक वर्ष २०७८/०७९ को भदौ देखि माघ मसान्तसम्ममा १८ जना जोखिममा रहेका महिलाहरुलाई सिमानाकाबाट उद्दार गरेको हो ।

पुनर्स्थापना गृह गुलरिया शाखाका

(बाँकी पृष्ठ ५ मा...)


## फेमिली डेन्टल केयर सेन्टर

लेटेष्ट टेक्निक, अत्याधुनिक चिकित्सकिय उपकरणका साथमा सहज, सुपथ मुल्यमा विगत केही बर्षदेखि निरन्तर सेवा दिँदै आएको फेमिली डेन्टल केयर सेन्टरले अब पश्चिम नेपालमा नयाँ ठाउँबाट सेवा दिन शुरु गरिसकेको सहर्ष जानकारी गराउँदछौं ।

*हामी कहाँ*

- अनुभवी स्पेशलिष्ट वरिष्ठ डाक्टर द्वारिका प्रसाद चापागाई (एमएस) ओरल एण्ड म्यागजिलो फेशन सर्जन,
- डाक्टर प्रकाश भडेंल (एमडीएस) अर्थो डेन्टिस्ट,
- डाक्टर सुनिता कार्की (एमडीएस) प्रोस्थो डेन्टिस्ट,
- डाक्टर सन्दिप पाण्डे (बीडीएस) डेन्टल सर्जन

***बाट प्राकृतिक दाँतको उचित उपचार गरी दाँत बचाउने उद्देश्यका साथ गुणस्तरिय दन्त बिशेषज्ञहरुद्वारा उपचार सेवा दिइन्छ ।***

*हाम्रा सेवाहरु*

१. दाँत तथा मुख सम्बन्धी समस्याको निशुल्क परिक्षण गरिन्छ ।
२. दाँतको एक्सरे ।
३. दाँत सफा गर्ने र टल्काउने ।
४. मुख गनाउने, गिँजाबाट रगत आउने समस्याको उपचार ।
५. दाँतको रंग अनुसार सिमेन्ट भर्ने र दाँतको जरैदेखि उपचार गर्ने ।
६. दाँतको वरिपरी जमेको पिप निष्क्रिय गर्ने, दाँत तथा मुख सम्बन्धी शल्यक्रिया, बुद्धि–बंगरा माथि पलाएको गिँजा काटेर उपचार गर्ने ।
७. साधारण र जटिल दाँत नदुख्ने गरी निकाल्ने ।
८. कृत्रिम दाँत राख्ने, दाँतको रंग अनुसार वा मेटलको खोल लगाउने ।
९. बच्चाहरुको दाँतको बिशेष उपचार, बाङ्गो–टिङ्गो दाँतलाई तारले बाँधेर मिलाउनुका साथै मुखभित्र आउने घाउ खटिरा लगायतका रोगको पनि उपचार गरिन्छ ।
१०. हामीकहाँ दाँत बनाउने आफ्नै ल्याव भएको, साथै जेष्ठ नागरिकलाई सेवा शुल्कमा २० प्रतिशत छुटको सुविधा रहेको छ ।

**हाम्रो सम्पर्क ठेगाना :-**

**फेमिली डेन्टल केयर सेन्टर**
**नेपालगन्ज १३ सदरलाइन रोड, बाँके**
**(भेरी अस्पताल देखि त्रिभुवनचोक जाने बाटोमा)**
**सम्पर्क फोन नम्बर : ०८१-५३२७७०,**
**मोबाइल : ९८४४२७६८७९**